# बहुराष्ट्रिय संगठित अपराध विरुद्धको संयुक
# राष्ट्र संघीय महासन्धि अन्तर्गत मानव
# बेचविखन खास गरी महिला र बालबालिकाको
# बेचबिखन तथा ओसारपसारको रोकथाम,
# दमन तथा सजाय गर्ने सम्बन्धमा व्यवस्था
# भएको (पूरक आलेख)लाई अविलम्ब
# अनुमोदन गरियोस् !

# मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिकाको बेचबिखनलाई रोक्ने, दबाउने र सजायँ गर्ने यू. एन. प्रोटोकल (पूरक आलेख) भनेको के हो ?

**यू. एन.** प्रोटोकल बेचबिखनमा परेका व्यक्तिहरू खास गरेर महिला तथा बालबालिकाहरूलाई बचाउन प्रभावकारी कार्यान्वयन र त्यस विरुद्ध लाग्न गरिने विस्तृत अन्तर्राष्ट्रिय प्रयास हो जसले विभिन्न देशमा हुने बेचबिखनको उद्गमस्थल, तिनीहरुले प्रयोग गर्ने मार्ग र गन्तव्य स्थानको पहिचान गर्दछ । महिला तथा बालबालिकाको बेचबिखन रोकथामका विभिन्न उपायहरू, बेचबिखनमा लागेकालाई सजायँ र बेचबिखनबाट पीडितहरूलाई बचाउनुका साथै उनीहरूको अन्तर्राष्ट्रिय मान्यता प्राप्त मानव अधिकारहरू संयन्त्रको माध्यमबाट बचावट आदिको व्यवस्था हुनु पर्दछ भन्ने घोषणा गर्दै तयार पारिएको दस्तावेज यू एन प्रोटोकल (आलेख) हो । यो आलेखले अन्तरदेशीय संगठित अपराधविरुद्ध संयुक्त राष्ट्रसंघीय महासन्धिको परिपूरकको दस्तावेजको रुपमा आएको हो । यस आलेखका ४ परिच्छेदहरू र २० धाराहरू रहेका छन् ।

# यो आलेख कहिलेदेखि शुरु भयो ?

मानव बेचबिखनविरुद्धको **यू. एन.** प्रोटोकल सन् २००० को अक्टोबरमा तयार भएको हो र संयुक्त राष्ट्र संघको साधारण सभाले सन् २००० को १५ नोभेम्बरमा यस आलेखलाई पारित गऱ्यो। यस प्रोटोकललाई सन् २००० डिसेम्बरमा इटालीको पालेर्मोमा हस्ताक्षरका लागि खुला गरियो । त्यसैले यसलाई पालेर्मो प्रोटोकल पनि भनिन्छ । यो आलेख डिसेम्बर २५, २००३ देखि कार्यान्वयनमा आएको छ ।

# यो आलेख सम्बन्धमा नेपालको अवस्था कस्तो छ ?

नेपालले जुन २४, २०११ मा संयुक्त राष्ट्रसंघको अन्तर्देशीय संगठित अपराधविरुद्धको महासन्धि (UNCTOC) लाई अनुमोदन गरेको छ तर यस अन्तर्गतको मानव बेचबिखन विरुद्धको यस आलेखलाई अनुमोदन गर्न बाँकी छ । आलेख उक्त महासन्धिको परिपूरक दस्तावेज भएकाले महासन्धिको पक्ष राज्यले मात्र आलेख अनुमोदन गर्न सक्ने व्यवस्था रहेको छ । नेपालले महासन्धिलाई अनुमोदन गरिसकेकोले नेपाल आलेख अनुमोदन गर्न योग्य राष्ट्रमा पर्दछ ।

## यो आलेखमा मानव बेचबिखन वा मानव ओसार पसारको परिभाषा के छ ?

यसको परिभाषा अनुसार "मानव बेचबिखन तथा ओसारपसार भन्नाले शोषण (जस अन्तर्गत, अरूको वेश्यावृत्तिको शोषण, अन्य प्रकारको शोषण, बलपूर्ण श्रम सेवा, दासत्व वा दासत्व जस्तै व्यवहार, कमारा कमारी वा मानव अङ्ग झिक्ने समेत पर्दछ) गर्ने उद्देश्यले धम्की वा बल प्रयोग वा करकाप वा अन्य प्रकारले अपहरण, जालसाजी गरेर झुक्याएर, शक्तिको दुरुपयोग गरी वा जोखिमपूर्ण अवस्थाको प्रयोग गरेर वा लोभ देखाएर, रकम वा फाइदाहरू दिनु लिनु गरी अन्य कुनै व्यक्तिमाथि नियन्त्रण कायम गरी बेचबिखन गर्ने उद्देश्यका साथ एक ठाउँबाट अर्को ठाउँमा लैजाने, भर्ति गर्ने, थुन्ने, हस्तान्तरण गर्ने वा आश्रय दिने कार्यलाई जनाउँछ ।"

## यस आलेखका उद्देश्यहरू के के छन् ?

- मानव बेचबिखन तथा ओसार-पसार, विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसारलाई विशेष ध्यान दिंदै रोकथाम गर्ने ;

- बेचबिखन तथा ओसारपसारबाट पीडित व्यक्तिहरूलाई उनीहरूको मानव अधिकारको पूर्ण सम्मानका साथ संरक्षण गर्ने एंव सहयोग पुऱ्याउने ;
- माथिको उद्देश्यहरूलाई पूरा गर्न पक्ष राज्यहरूबीचमा आपसी सहयोग अभिवृद्धि गर्ने ।

## यो आलेखका विशेषताहरु के के हुन् ?

- मानव बेचबिखन तथा ओसारपसारका सबै पक्षहरूलाई समेटेर व्यापक परिभाषा गरेको छ ।
- यसले बालबालिका र वयस्क व्यक्तिको बेचबिखन सम्बन्धमा छुटाछुटै व्यवस्था गरेको छ ।
- वेश्यावृत्तिमा लगाउन गरिने शोषणका अतिरिक्त अन्य प्रकारका शोषणहरूलाई पनि बेचबिखन तथा ओसारपसारको प्रयोजन अन्तर्गत व्याख्या गरेको छ ।
- बेचबिखन नियन्त्रणसँग सम्बन्धित पक्षहरूबीचको अवधारणामा स्पष्टता ल्याएको छ ।
- मानव बेचबिखन तथा ओसारपसारलाई अपराधीकरण तथा दण्डित गर्नमा राज्यपक्षलाई कानुनी तथा अन्य उपाय अपनाउने दायित्व प्रदान गरेको छ ।
- गन्तव्य राष्ट्रमा बेचबिखनबाट पीडित/प्रभावित व्यक्तिको हैसियत र अधिकार सम्बन्धी व्यवस्था गरेको छ ।

- राज्य पक्षलाई मानव बेचबिखनबाट बचावट गर्ने उपायहरू अपनाउने दायित्व दिएको छ ।
- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्न पक्ष राष्ट्रहरूबीच सूचनाको आदान प्रदान र तालिम गर्ने व्यवस्था गरेको छ ।
- मानव बेचबिखन तथा ओसारपसार रोकथाम गर्न सीमाना मापदण्ड सम्बन्धी व्यवस्था गरेको छ ।

## यो आलेखलाई नेपालले अनुमोदन गर्न किन आवश्यक छ ?

- नीति कानुन लगायत मुलुकमा विद्यमान बेचबिखन विरुद्धका गतिविधिहरूलाई संस्थागत र सुदृढीकरण गर्न ;
- मानव बेचबिखन विरुद्धका राष्ट्रिय कानुनहरूको प्रभावकारी कार्यान्वयन गर्न ;
- मानव बेचबिखनबाट प्रभावितहरूको पहिचान स्थापित गर्न, संरक्षण र सहयोगका लागि कानुनी व्यवस्थाहरूमा सुधार गर्न ;
- प्रभावितहरूको संरक्षण र सहयोगका लागि सूचना संम्प्रेषण र संयन्त्रहरूको व्यवस्था गर्न ;
- मानव बेचबिखनबाट प्रभावितहरूको संरक्षण र सहयोगमा न्यूनतम मापदण्ड र मानवअधिकार अवधारणाको पालना गर्न ;

- प्रभावितहरूको लैङ्गिक संवेदनशीलता र बालबालिकाको विशेष आवश्यकतालाई ध्यानमा राख्न ;
- पीडितहरूलाई पुनः पीडित हुनबाट जोगाउने नीति तथा कार्यक्रमको तर्जुमा गर्न ;
- सार्वजनिक नीति व्यवस्थापनमा आपसी समझदारी र समन्वय सुनिश्चित गर्न ;
- सरोकारवाला सबै सरकारी निकाय र गैरसरकारी संस्थाहरूबीच आपसी समन्वय र सहयोग कायम हुने गरी विभिन्न निकायहरूबीच समन्वय संयन्त्रको स्थापना गर्न ;
- राष्ट्रिय रणनीति वा कार्ययोजनाहरूको अनुगमन तथा मूल्याङ्कनको सुनिश्चितता गर्न ;
- अन्तर्राष्ट्रिय सहयोगमा अभिवृद्धिकालागि कानुनी आधारको निर्माण गर्न ;
- सुपुर्दगी, आपसी कानूनी सहायता, सजाय तोकिएका व्यक्तिहरूको हस्तान्तरण, संयुक्त अनुसन्धान, सम्पत्ति जफतमा अन्तर्राष्ट्रिय सहयोगका लागि राष्ट्रिय क्षमताको विकास र सुदृढीकरण गर्न ;
- सञ्चार प्रकृया, सूचना तथा तथ्याङ्क आदान प्रदानका लागि औ पचारिक र अनौपचारिक सहयोगको प्रवर्द्धन गर्न ;
- साझा रणनीति तथा कार्यक्रमको विकास तथा कार्यान्वयनका लागि अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संगठनहरु द्वारा सहयोग र सहकार्य अभिवृद्धि गर्न ;

मानव बेचबिखन संगठित गिरोहबाट सञ्चालित अन्तर्राष्ट्रिय समस्या भएकोले समाधानका लागि पनि अन्तर्राष्ट्रिय सहयोग र सहकार्य आवश्यक छ । यस प्रोटोकलले यसलाई टेवा पुऱ्याँउछ । प्रोटोकलले बेचबिखनबाट प्रभावितको सहभागितामा वहाँहरुको अधिकारको सुनिश्चितता गर्दै संरक्षणलाई विशेष जोड दिएको छ । यो प्रोटोकल नेपालको सन्दर्भमा उपयुक्त छ ।

यस आलेखमा विभिन्न व्यक्तिहरु विशेष गरी महिला तथा बालबालिकाहरुलाई बेचबिखनबाट बचाउन, त्यस्ता गतिविधि दबाउन र बेचबिखनमा संलग्न व्यक्तिहरुलाई सजायँ गर्न, अन्तरदेशीय रुपमा हुने संगठित अपराध विरुद्धको उपयुक्त दस्तावेज भएकै कारण सम्बन्धित पक्ष राष्ट्हरुका लागि हस्ताक्षर गर्न उपयुक्त रहेको छ । यस प्रोटोकलको हस्ताक्षरपछि सोही अनुरुप पक्ष राष्ट्लाई राष्ट्रिय कानुनमा पनि सोही अनुरुप परिमार्जनको नैतिक दबाब सृजना गर्दछ ।

## यो आलेखको अनुमोदनका आधारहरु के के छन् ?

- मानव बेचबिखन विशेषगरी महिला तथा बालबालिकाहरुको बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजना २०६८ को निर्देशक सिद्धान्त संख्या २ मा छिटोभन्दा छिटो अनुमोदनको सिफारिस गरिएको ।
- राष्ट्रिय मानव अधिकार आयोगको मानव बचबिखन विरुद्धको

विशेष समाधिक्षकको कार्यालयले (NHRC/OSRT) प्रकाशित गर्ने मानव बेचबिखनविरुद्धको राष्ट्रिय प्रतिवेदनमा २००८ देखि २०१९ सम्म अनुमोदनकालागि सिफारिश गर्दै आएको ।

- नेपालको विश्वव्यापी आवधिक समीक्षा (UPR) मा विभिन्न (२३५ वटा संघसंस्थाहरुको संयुक्त प्रतिवेदन) गैरसरकारी संस्थाहरुको राष्ट्रिय प्रतिवेदन २०१० मा सिफारिस गरिएको ।
- महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धी (CEDAW) अन्तर्गतको नेपालको चौथो, पाँचौ र छैठौं संयुक्त आवधिक प्रतिवेदनमाथि महिलाविरुद्ध भेदभाव उन्मूलन समितिले दिएको निष्कर्ष सुझाव २०१८ को संख्या २५ मा सिफारिश गरिएको ।
- संयुक्त राज्य अमेरिकाबाट प्रकाशित मानव बेचबिखन सम्बन्धी वार्षिक प्रतिवेदन (Trafficking in Persons Report 2019) मा अनुमोदनको सिफारिश गरिएको ।
- हालसम्म १७५ राष्ट्रहरुले अनुमोदन गरिसकेको ।
- हालै नेपालको राष्ट्रिय सभाले अनुमोदन गरिसकेको ।

# यो आलेख अन्तर्गत राज्यका दायित्वहरू के के छन् ?

यो आलेख लागू भएपछि अनुमोदन गर्ने राष्ट्रले निम्न दायित्वहरू निर्वाह गर्नुपर्नेछ :

- आलेखमा उल्लेख भएको मापदड बमोजिमको राष्ट्रिय कानूनको निर्माण/संशोधन ;
- आलेखले अपराधको वर्गीकरण भित्र राखेका कसुरहरूलाई राष्ट्रिय फौजदारी कानूनमा समावेश गरी अपराधीलाई सजायको व्यवस्था ;
- फौजदारी मुद्दाको प्रक्रियामा पीडित केन्द्रित दृष्टिकोणबाट सुधारहरू ;
- कानून कार्यान्वयन गर्ने निकायहरू तथा अध्यागमन अधिकारीहरूको क्षमता अभिवृद्धि ;
- कानून कार्यान्वयन गर्ने निकायहरूको सवलीकरण ;
- गैरसरकारी संस्थाहरू र नागरिक समाजसँग सहकार्यका लागि नीतिगत सुधार ;
- बेचबिखनका मूल कारणहरूको अन्त्यका लागि काम ;
- मानव बेचबिखन तथा ओसारपसारको नियन्त्रण र पीडितहरूको मानव अधिकार संरक्षणका क्षेत्रमा गैरसरकारी क्षेत्रसँग समन्वय ;

- बेचबिखन अपराध निर्मुल गर्नका लागि सार्वजनिक शिक्षा, संचार क्षेत्रको क्रियाशीलता ;
- मानव बेचबिखन तथा ओसारपसारको लागि महिला तथा बालबालिकाहरूको माग पक्षलाई निरुत्साहित गर्ने कानूनी, शैक्षिक, सामाजिक वा सांस्कृतिक उपायहरु अवलम्बन ;
- पीडितको स्वेच्छिक फिर्ता (उत्पति देशमा) सुनिश्चितता ;
- परिचय र यात्रासँग सम्बन्धित कागजातको गुणस्तरीयता सुनिश्चिता र गैरकानूनी प्रयोगमा रोक ;
- पीडितलाई आफ्नो देशमा बस्न अनुमति दिनका लागि नीति नियम परिमार्जन ;
- मानव बेचबिखन तथा ओसारपसार अन्तर्राष्ट्रिय अपराध भएकाले यसको रोकथामको लागि अन्य सरकारहरुसँग मिलेर काम ;
- बेचबिखनको कारणहरुको निर्मुल गर्ने तरिकाहरुबारे सरकारहरूबीच सूचनाहरूको आदान प्रदान ;
- मानव बेचबिखन तथा ओसारपसारको निर्मुलका लागि द्विपक्षीय वा बहुराष्ट्रिय सहयोग/समन्वयको स्थापना ।

USAID अमेरिकी जनताबाट

WINROCK INTERNATIONAL

AATWIN

UKaid from the British people


महिला तथा बालबालिका बेचबिखनविरुद्ध सहकर्मी समुह नेपाल (एटविन)

बबरमहल, काठमाडौं

फोन: ९७७-१-४२२०४७८/४२२९७८७

इमेल: aatwin@ntc.net.np

वेभसाइट: www.aatwin.org.np



तेस्रो संस्करण - माघ २०७६

यो जानकारीमूलक सामग्री अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) मार्फत अमेरिकी जनताहरुको र संयुक्त अधिराज्यको अन्तर्राष्ट्रिय विकास विभाग (डिएफआइडी) मार्फत बेलायती जनताहरुको सहयोगका कारण सम्भव बनेको हो । यस जानकारीमूलक सामग्री भित्रका विषयवस्तु र सामग्री महिला तथा बालबालिका बेचबिखन विरुद्ध सहकर्मी समूह नेपाल (एटविन)को एकल जिम्मेवारी हुन् र तिनले युएसएआइडी वा अमेरिकी सरकारको वा डिएफआइडी वा संयुक्त अधिराज्य सरकारको विचार प्रतिविम्बित गर्छन् भन्ने जरुरी छैन ।